संघीय संसद

प्रतिनिधि सभा

# कानून, न्याय तथा मानव अधिकार समिति

| | |
|---|---|
| बैठक सङ्ख्या: ४९ | मितिः २०८१ कात्तिक ३० गते शुक्रवार |
| स्थानः समिति सभाकक्ष (काठघर नम्बर २), सिंहदरबार | बैठक प्रारम्भ: १३:०० बजे, अन्त्य: १४:०५ बजे |

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ बमोजिम गठित कानून, न्याय तथा मानव अधिकार समितिको बैठक समितिका माननीय सभापति श्री बिमला सुवेदीको सभापतित्वमा आज बस्यो। बैठकमा उपस्थिति, छलफलको विषय र निर्णय देहायबमोजिम रहेको छः-

उपस्थितिः-

| क्रम | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा. श्री बिमला सुवेदी | [signature] |
| २. | मा. श्री गोमा लाभ (सापकोटा) | [signature] |
| ३. | मा. श्री चन्द्र बहादुर विश्वकर्मा | [signature] |
| ४. | मा. श्री जीवन परियार | [signature] |
| ५. | मा. श्री ध्रुव बहादुर प्रधान | |
| ६. | मा. श्री नागिना यादव | [signature] |
| ७. | मा. श्री नैनकला थापा | [signature] |
| ८. | मा. श्री पुष्प बहादुर शाह | [signature] |
| ९. | मा. श्री पूर्णबहादुर घर्ती | |
| १०. | मा. श्री प्रतिक्षा तिवारी | [signature] |

| | | |
|---|---|---|
| ११. | मा. श्री महेश कुमार बतौंला | |
| १२. | मा. श्री रन्जु कुमारी झा | [signature] |
| १३. | मा. श्री रामकुमार राई | |
| १४. | मा. डा. शुनिल कुमार शर्मा | |
| १५. | मा. श्री शेर बहादुर कुँवर | [signature] |
| १६. | मा. श्री शेर बहादुर देउवा | |
| १७. | मा. श्री सन्तोष परियार | [signature] |
| १८. | मा. श्री सुशिला थिङ | |
| १९. | मा. श्री सुहाङ्ग नेम्वाङ्ग | |
| २०. | मा. श्री सोबिता गौतम | [signature] |

पदेन सदस्यः-

| क्रम | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली | |
| २. | माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसिया | |

आमन्त्रितः-

| क.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | श्री उदयराज सापकोटा (सचिव; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) | |
| २. | मन बहादुर अर्याल ए.स. | |
| ३. | | |
| ४. | | |
| ५. | | |

छलफलको विषयः-

१. समितिले आगामी दिनमा गर्ने स्थलगत अनुगमन तथा समितिका कांमकारबाहीका विषयमा छलफल ।

२. विविध ।

छलफल तथा निर्णयः-

१. समितिको आजको बैठकमा समितिले गर्ने स्थलगत अनुगमन तथा समितिका कामकारबाहीका विषयमा छलफल भयो । छलफलमा माननीय सदस्य श्री सोबिता गौतम, माननीय सदस्य श्री रन्जु कुमारी झा, माननीय सदस्य श्री शेर बहादुर कुँवर, माननीय सदस्य श्री प्रतिक्षा तिवारी, माननीय सदस्य श्री नैनकला थापा र माननीय सदस्य श्री जीवन परियारले आआफ्ना धारणा राख्नुभयो । छलफलका क्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री मान बहादुर अर्यालले समेत आफ्नो धारणा राख्नुभयो ।

छलफलपश्चात् देहायबमोजिम निर्णय भयोः-

(क) प्रहरी हिरासतमा रहेका थुनुवाहरूलाई नेपालको संविधानले सुनिश्चित गरेको मैलिक हकको कार्यान्वयन तथा मानवअधिकारको अवस्थाका सम्बन्धमा २०८१ साल मङ्सिर ९ गतेदेखि १२ गतेसम्म मधेश प्रदेशका बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र ससरी जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन गरी समितिसमक्ष सुझावसहितको प्रतिवेदन पेस गर्न देहायबमोजिमका ६ सदस्यीय उपसमिति गठन गर्नेः-

(१) मा. श्री बिमला सुवेदी

(२) मा. श्री नागिना यादव

(३) मा. श्री पुष्प बहादुर शाह

(४) मा. श्री प्रतिक्षा तिवारी

(५) मा. श्री रन्जु कुमारी झा

(६) मा. श्री शेर बहादुर कुँवर

समितिका सभापति तथा उपसमितिका माननीय सदस्यहरूसँग समन्वय गरी समिति सचिवालयले उपसमितिको स्थलगत अनुगमन कार्यक्रम तय गर्ने एवम् उपसमितिले आफ्नो संयोजक आफै चयन गर्न सक्ने साथै कार्यविधि आफैले बनाई लागु गर्ने ।

(ख) निर्णयको उपबुँदा (क) बमोजिम गठित उपसमितिले गर्ने स्थलगत अनुगमनको समय अवधिभित्रको कुनै दिन वा समयमा उपसमितिले मधेश प्रदेशको राजधानी रहेको धनुषा जिल्लाको जनकपुरधाममा "संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौती"का विषयमा अन्तरक्रिया कार्यक्रम गर्ने । उक्त अन्तरक्रिया कार्यक्रममा प्रदेश सभाका सदस्य, प्रदेश सरकारका प्रतिनिधि, कानुन व्यवसायी, स्थानीय निकायका जनप्रतिनिधि, विज्ञ, सरोकारवाला एवम् पत्रकारलगायतलाई आमन्त्रण गर्ने ।

(ग) प्रहरी हिरासतमा रहेका थुनुवाहरूलाई नेपालको संविधानले सुनिश्चित गरेको मैलिक हकको कार्यान्वयन तथा मानवअधिकारको अवस्थाका सम्बन्धमा २०८१ साल मङ्सिर १८ गतेदेखि २१ गतेसम्म लुम्बिनी प्रदेशका नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ र बाँके जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन गरी समितिसमक्ष सुझावसहितको प्रतिवेदन पेस गर्न देहायबमोजिमका ६ सदस्यीय उपसमिति गठन गर्नेः-

(१) मा. श्री बिमला सुवेदी

(२) मा. श्री चन्द्र बहादुर विश्वकर्मा

(३) मा. श्री जीवन परियार

(४) मा. श्री ध्रुव बहादुर प्रधान

(५) मा. श्री पूर्ण बहादुर घर्ती

(६) मा.श्री सोबिता गौतम

समितिका सभापति तथा उपसमितिका माननीय सदस्यहरूसँग समन्वय गरी समिति सचिवालयले उपसमितिको स्थलगत अनुगमन कार्यक्रम तय गर्ने एवम् उपसमितिले आफ्नो संयोजक आफै चयन गर्न सक्ने साथै कार्यविधि आफैले बनाई लागु गर्ने

(घ) निर्णयको उपबुँदा (ग) बमोजिम गठित उपसमितिले गर्ने स्थलगत अनुगमनको समय अवधिभित्रको कुनै दिन वा समयमा उपसमितिले लुम्बिनी प्रदेशको राजधानी रहेको दाङ जिल्लाको देउखुरीमा "संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौती"का विषयमा अन्तरक्रिया कार्यक्रम गर्ने । उक्त अन्तरक्रिया कार्यक्रममा प्रदेश सभाका सदस्य, प्रदेश सरकारका प्रतिनिधि, कानुन व्यवसायी, स्थानीय निकायका जनप्रतिनिधि, विज्ञ, सरोकारवाला एवम् पत्रकारलगायतलाई आमन्त्रण गर्ने ।

२. माननीय सदस्यहरूबाट प्राप्त सुझावका आधारमा समितिको आगामी बैठकका कार्यसूची/ऐजेन्डा तय हुने जानकारी गराउँदै सभापतिले आजको बैठक अन्त्य गर्नुभयो ।

................
(अधि राज राई)
समितिको सचिव

......................
(बिमला सुवेदी)
सभापति